# स्थानीय पाठ्यक्रम (कक्षा ६-८ )
# २०८०

# हाम्रो विराटनगर

DRAFT

विराटनगर महानगरपालिका
शैक्षिक प्रशासन महाशाखा
मोरङ

प्रकाशक :	विराटनगर महानगरपालिका
शैक्षिक प्रशासन महाशाखा
मोरङ

© विराटनगर महानगरपालिका

वि सं २०८०

DRAFT

# विषयसूची

DRAFT

# भूमिका

DRAFT

## स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक (कक्षा ६-८) कार्यदल

श्री डा. सन्देशदास श्रेष्ठ, सहप्राध्यापक, पूर्वाञ्चल विश्वविद्यालय : संयोजक

श्री कृष्ण भट्टराई, अधिकृत सातौं, शैक्षिक प्रशासन महाशाखा, विराटनगर महानगरपालिका : सदस्य सचिव

श्री अशोक कालाखेती, सेवा निवृत्त उपसचिव, नेपाल सरकार : सदस्य

श्री वेदुकुमार खतिवडा, अध्यक्ष, शिक्षक महासंघ वि.म.न.पा तथा मा.शि द्वितीय, श्री गोग्राहा मा.वि : सदस्य

श्री सन्तोष पोखरेल, प्रधानाध्यापक, श्री आदर्श माध्यमिक विद्यालय, विराटनगर म.न.पा : सदस्य

श्री प्रभात नेपाल, मा.शि तृतीय, श्री सत्यनारायण माध्यमिक विद्यालय, विराटनगर म.न.पा : सदस्य

श्री अर्जुन श्रेष्ठ, प्याब्सन उपाध्यक्ष वि.म.न.पा तथा प्रधानाध्यापक, श्री पूर्वाञ्चल विद्या मन्दिर : सदस्य

## स्थानीय पाठ्यक्रम (कक्षा ६-८) लेखन विज्ञ समूह

श्री कृष्ण भट्टराई, अधिकृत सातौं, शैक्षिक प्रशासन महाशाखा, विराटनगर महानगरपालिका

श्री विष्णुराज लामिछाने, मा.शि द्वितीय, श्री आदर्श माध्यमिक विद्यालय

श्री टंक न्यौपाने, मा.शि द्वितीय, श्री मिल्स माध्यमिक विद्यालय

श्री वेदुकुमार खतिवडा, मा.शि द्वितीय, श्री गोग्राहा माध्यमिक विद्यालय

श्री चुणामणी नेपाल, मा.शि द्वितीय, श्री गायत्री संस्कृत माध्यमिक विद्यालय

श्री महेश गौतम, मा.शि द्वितीय, श्री पोखरीया माध्यमिक विद्यालय

श्री इन्द्र बहादुर चौहान, मा.शि द्वितीय, श्री आदर्श माध्यमिक विद्यालय

श्री सन्तोष पाखरेल, मा.शि तृतीय, श्री आदर्श माध्यमिक विद्यालय

श्री प्रभात नेपाल, मा.शि तृतीय, श्री सत्यनारायण माध्यमिक विद्यालय

श्री धिजनबावु काफ्ले, शिक्षक, श्री कोशी विद्या मन्दिर

श्री पर्शुराम घिमिरे, शिक्षक, श्री दिल्ली पब्लिक स्कूल

श्री अर्जुन श्रेष्ठ, प्रधानाध्यापक, श्री पुर्वाञ्चल विद्या मन्दिर

श्री निर्मला कोइराला, नि.मा.शि द्वितीय, श्री जनता नमूना माध्यमिक विद्यालय

DRAFT

## १. पाठ्यक्रमको परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रिया अनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्दछ ।

पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु लगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशन सहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्वहरू समावेश गरिएको हुन्छ । यसमा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमता सहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्ति सहितका सक्षमताहरू समेटिएको हुन्छ । यसमा पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी समसामयिक सुधार तथा परिमार्जनका लागि मार्गनिर्देश गरिएको हुन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारलाई विचार गरी आधारभूत तह अन्तर्गत कक्षा ६-८ को पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको छ । जुन पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा ६-८) समावेश गरिएको छ । यसका साथै सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम भाषाको छनोट, पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारको प्रक्रिया पनि समावेश गरिएको छ ।

## २. विद्यालय शिक्षाको तहगत संरचना

आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षाको व्यवस्था हुने छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यवसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरिएको छ :

**विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बाल विकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्ष सम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

**३. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

DRAFT

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोप प्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ४. स्थानीय पाठ्यक्रमको परिचय

स्थानीय आवश्यकता ज्ञान, सिप तथा प्रविधिलाई समेटेर तयार पारिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यस्तो पाठ्यक्रममा केन्द्रीय पाठ्यक्रले समेट्न नसकेका तर विद्यार्थीलाई सिकाउन आवश्यक स्थानीय विषयवस्तु समेटिएको हुन्छ । नेपाल जस्तो भौगोलिक, सांस्कृतिक, भाषिक आदिमा विविधता भएको मुलुकका लागि यसको महत्व अझ बढी रहने गर्दछ ।

स्थानीय पाठ्यक्रम स्थानीय परिवेश अनुसार निर्माण गरिएको हुन्छ । यो लचिलो हुन्छ । स्थानीय भुगोल, इतिहास, पुरातत्व, धर्म, जातजाति, भाषाभाषी, स्थानीय सरकार, शिक्षा, स्वास्थ्य, सरसफाइ, योग, वातावरण संरक्षण, खेलकूद, सङ्गीत, स्थानीय प्रविधि, स्थानीय पेसा, व्यवसाय, परम्परागत पेसाव यवसाय आदि क्षेत्र नै स्थानीय पाठ्यक्रमका सम्भावित विषयवस्तु हुन् । यसको शिक्षणबाट व्यक्ति तथा समाजको स्थानीयस्तरको आवश्यकता परिपूर्ति हुन जान्छ । यस्तै स्थानीय स्रोत साधनको उपयोग गरी स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न, व्यक्ति र समाजलाई स्वाबलम्बी र आत्म निर्भर बनाउन, सामाजिक परिवर्तन ल्याउन, स्थानीय भाषा, कला, संस्कृतिको संरक्षण संवर्धन गर्न समेत स्थानीय पाठ्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण सँगसँगै यसको कार्यान्वयन पक्षको समेत उत्तिकै महत्व रहेको छ । अंग्रेजी भाषाप्रतिको मोह, कम्प्युटर, अतिरिक्त गणित जस्ता विषय पठन पाठन गर्न रुचाउने विद्यालयको प्रवृत्तिले यसको कार्यान्वयन पक्षमा चुनौति थपेको पाइन्छ ।

## ५. स्थानीय पाठ्यक्रम विकासको पृष्ठभूमि

नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, मातृभाषमा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्धन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण प्रर्वधन र स्तरीकरण गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७१ ले आधारभूत तहमा २० प्रतिशत १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरेको थियो ।

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले साधारण तथा गोन्पा विहार शिक्षा तर्फ साप्ताहिक पाठ्यभार ५ रहने गरी १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषय वा संस्कृत विषय पठन पाठन गराउनुपर्ने व्यवस्था गरेको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ मा स्थानीय तहले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ ।

अधारभूत शिक्षा पाठ्यक्रम २०७७ ले पनि कक्षा ६-८ तर्फ साधारण, गोन्पा तथा विहार, मदरसा शिक्षातर्फ स्थानीय विषयलाई स्थान दिएको छ । स्थानीय विषय अर्न्तगत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषाको ज्ञान, सिप र प्रविधि, पेसा तथा व्यवसाय अभिमुखीकरण सम्बन्धी विषयवस्तु समेट्नुपर्ने व्यवस्था गरेको पाइन्छ ।

## ६. हाम्रो विराटनगर कक्षा ६-८ स्थानीय पाठ्यक्रमका तहगत सक्षमताहरू

हाम्रो विराटनगर कक्षा ६-८ विषय सिकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सक्षमता हासिल गर्न सक्षम हुनेछन् :

१. विराटनगरको इतिहास, भुगोल, साहित्य, कला र संस्कृतिको जानकारी हासिल गर्न,

२. विराटनगर महानगर भित्रका आर्थिक क्रियाकलाप र स्थानीय प्रविधिसँग परिचित हुँदै यसको संरक्षण र प्रयोगमा सहभागिता जनाउन,

३. हाम्रो आचरण दायित्व र अनुशासनका विविध पक्षसँग अभ्यस्त भई तिनको उच्चतम उपयोग गर्न,

४. फोहोरमैलाको उचित व्यवस्थापन गर्न,

५. प्राकृतिक प्रकोपबाट बच्ने पूर्व तयारी तथा बिपत् पश्चातको व्यवस्थापन गर्ने ज्ञान तथा सिप हासिल गर्न,

६. वृत्तिमार्ग पहिचान गरी आफ्नो रुचि, क्षमता बमोजिम पेसा तथा रोजगारीका क्षेत्र छनोट गर्न सक्ने ज्ञानको विकास गर्न,

७. स्थानीय सरकारका रूपमा विराटनगर महानगरपालिका र यस अर्न्तगतका कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाको पहिचान गरी सेवा लिन सक्ने क्षमताको विकास गर्न,

८. विराटनगरमा रहेका अन्य सरकारी कार्यालयबाट उपलब्धहुने सेवा सुविधा लिने प्रक्रियासँग परिचित भई सेवा लिन सक्ने क्षमताको विकास गर्न,

DRAFT

## ७. हाम्रो विराटनगर कक्षा ६-८ विषयको कक्षागत सिकाइ उपलब्धी

| कक्षा ६ | कक्षा७ | कक्षा ८ |
| --- | --- | --- |

DRAFT

| | | |
|---|---|---|
| १. विराटनगरको सामाजिक, धार्मिक, आर्थिक, साहित्यिक र राजनैतिक इतिहासको सामान्य परिचय दिन,<br><br>२. विराटनगरको मजदुर आन्दोलन र जुटमिलको स्थापना र कार्यको सामान्य परिचय दिन<br><br>३. विराट राजाको दरबारसँग जोडिएको महाभारत कथाको सामान्य कथासार वर्णन गर्न<br><br>४. विराटनगरका मठ, मन्दिर, मस्जिद्, गुम्बाहरू बारे जानकारी दिन ।<br><br>५.घरबाट निस्किने फोहोरको पहिचान गर्न<br><br>६.उद्योग, कल कारखानाबाट निस्किने फोहोर र घरबाट निस्किने फोहोर बिच फरक छुट्याउन<br><br>७.विराटनगर महानगरपालिकाका बाटोघाटो, सडक र नालाको सरसफाईको आवश्यकता बोध गर्न<br><br>८.विराटनगर महानगरपालिका भित्रका पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापहरू पहिचान गरि तिनको महत्व बताउन<br><br>९.हाम्रा पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापले दैनिक जीवनमा पुर्याउने फाइदाहरूको सुची बनाउन<br><br>१०.स्थानीय प्रविधिको पहिचान गरि आय आर्जनमा तिनको भूमिका र महत्व बताउन<br><br>११.घर, बाटो र विद्यालयको सुरक्षाका उपायहरू | १. रङ्गेलीबाट मोरङको सदरमुकाम विराटनगर सरेको घटनासँग परिचित हुन,<br><br>२.विराटनगर जुटमिल र मजदुर आन्दोलको राजनैतिक महत्त्व बताउन ।<br><br>३. विराट राजाको दरबार क्षेत्र भेडियारीको परिचय र ऐतिहासिक महत्त्व बताउन<br><br>४. विराटनगरको धार्मिक सहिष्णुता र विभिन्न धर्म (हिन्दू, मुस्लिम, क्रिश्चियन, बौद्ध जैन र अन्य) सम्पदाय्रसँग सामान्य परिचित हुन ।<br><br>५. विराटनगरको कला साहित्य र यहाँका साहित्यकारहरूको योगदान बताउन<br><br>६.घरबाट निस्किने फोहोर व्यवस्थापन सम्बन्धि सामान्य धारणा बताउन<br><br>७.उद्योग, कल, कारखानाबाट निस्किने फोहोरबाट पर्ने असरहरूको सूची तयार पार्न<br><br>८.सडक तथा नालाको सरसफाई गर्ने उपायहरू खोजी गर्न<br><br>९.विराटनगर महानगरपालिका भित्रका पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापहरू अवलोकन गरि तिनका अवस्था पहिचान गर्न<br><br>१०.हाम्रा पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापले दैनिक जीवनमा पार्ने प्रभावहरू | १.विराटनगरमा चलेको मजदुर आन्दोलको प्रभाव र महत्त्व बताउन<br><br>२.पाण्डवहरू गुप्तबास बसेको विराट राजाको दरबार क्षेत्रको संरक्षण र संवर्धनका उपायाहरूको खोजी गरी यसको पर्यटकीय महत्त्वका बारेमा बताउन<br><br>३. विराटनगरको धर्मिक सहिष्णुता र यसको महत्त्वबारे बताउन<br><br>४.विराटनगरको शैक्षिक इतिहासका बारेमा जानकारी हासिल गर्न<br><br>५. विराटनगरको प्राचीन, मध्य र आधुनिक वर्तमान अवस्था सम्मको कला र साहित्यको महत्त्व बताउन ।<br><br>६.आफ्नो घर आँगन स्वच्छ तथा सफा राख्न<br><br>७.समुदाय समेतको सहयोगबाट उद्योग, कल, कारखाना आदिबाट निस्किने फोहोर व्यवस्थापनमा योगदान गर्न<br><br>८.बाटोघाटो तथा नालाको सरसफाइमा विराटनगर महानगरपालिका र समुदायलाई सहयोग गर्न<br><br>९.विराटनगर महानगरपालिका भित्रका पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापहरूमा देखा परेका समस्याहरूको पहिचान गरि समाधानका उपायहरू बताउन<br><br>१०. हाम्रा स्थानीय पेसा, व्यवसाय र प्रविधिलाई स्थानीय क्षेत्रको आर्थिक सम्वृधिका लागि प्रयोग गर्न<br><br>११.विराटनगरका स्थानीय प्रविधिको संरक्षण र सुधारका |

DRAFT

| | | |
|---|---|---|
| बताउन<br><br>१२.प्रत्येकको पेसाप्रति सम्मान व्यक्त गर्न<br><br>१३.व्यक्तिगत सुरक्षाका उपायहरूको सूची निर्माण गर्न<br><br>१४.स्वस्थ जीवनको महत्व बताउन<br><br>१५.योग, ध्यान प्रणायामको परिचय र महत्व बताउन ि<br><br>१६.कपालभाती, मकरासन र बज्रासनको अभ्यास गर्न<br><br>१७.जागिर र वृत्तिबारे जानकारी प्राप्त गर्न<br><br>१८.वृत्ति विकासका सिद्धान्त उल्लेख गर्न<br><br>१९.वृत्तिमा प्रभाव पार्ने तत्वहरू उल्लेख गर्न<br><br>२०.विराटनगरका परम्परागत पेसाहरूको पहिचान गर्न<br><br>२१.पेसाको परिचय र महत्व बताउन<br><br>२२.व्यक्तिगत सुरक्षा र सुरक्षा शिक्षाको महत्व बताउन<br>२३. आफू पढ्ने विद्यालयमा र घरमा भएका सुरक्षा जोखिम पहिचान गर्न<br>२४.चोरीबाट बच्ने उपाय अपनाउन तथा परिवार तथा समुदायका सदस्यलाई सुझाउन<br>२५. केही सामान्य ट्राफिक चिन्हहरू तथा सडक बत्तीका रंगहरू चिनेर त्यसअनुरूप सुरक्षित व्यवहार अवलम्वन गर्न<br>२६.विद्यालय जाँदा र फर्कदा विपत् हुन सक्ने | बताउन<br><br>११. स्थानीय प्रविधि र आर्थिक क्रियाकलापको अन्तर सम्बन्ध बताउन<br><br>१२.घर, बाटो र विद्यालयको सुरक्षाका उपायहरू वर्णन गर्न<br><br>१३.प्रत्येकको पेसाप्रति सम्मान र इज्जत व्यक्त गर्न<br><br>१४.व्यक्तिगत सुरक्षाका उपायहरू वर्णन गर्न<br><br>१५.स्वस्थ जीवन बाँच्ने उपायहरू बताउन<br><br>१६.योग, ध्यान र प्रणायामको परिचय दिन<br><br>१७.योग, ध्यान र प्रणायामका विधिहरूको वर्णन गर्न<br><br>१८.भ्रामरी, भास्त्रिका, प्रणायाम, सलभासन तथा वक्रासन को अभ्यास गर्न<br><br>१९.वृत्ति र विश्वासको परिचय दिन<br><br>२०.पेसाको वर्गीकरण उल्लेख गर्न<br><br>२१.व्यवसायिक सिपको परिचय दिन<br><br>२२.विराटनगरका व्यवसाय, व्यापार र बजारबारे जानकारी प्रदान गर्न<br><br>२३. घर तथा विद्यालयमा हुन सक्ने दुर्घटनाका कारणहरू पहिचान गरी दुर्घटनाबाट सुरक्षित हुने | उपायहरू बताउन<br><br>१२. घर, बाटो र विद्यालयको सुरक्षाका उपायहरूलाई दैनिक जीवनमा उपयोग गर्न<br><br>१३ प्रत्येकको पेसालाई सम्मान व्यक्त गर्दै त्यसको झल्को व्यवहारमा प्रदर्शन गर्न<br><br>१४.व्यक्तिगत सुरक्षाका उपायहरू व्यवहारमा प्रदर्शन गर्न<br><br>१५.स्वस्थ जीवन बाँच्ने उपायहरूको अवलम्बन गर्न<br><br>१६. योग, ध्यान र प्रणायामका विधिहरूको प्रयोग गर्न<br><br>१७.उज्जायी, सूर्य नमस्कारको अभ्यास गर्न<br><br>१८. रुचि र खुबीको लेखाजोखा गर्न<br><br>१९.वृत्ति क्षेत्रबारे जानकारी दिन<br><br>२०.वृत्तिपथको परिचय दिन<br><br>२१.मध्यम र उच्चस्तरीय पेसा पहिचान गर्न<br><br>२२.पेसाको छनौट तथा योजनाबारे बताउन<br><br>२३.आफू पढ्ने विद्यालयको जोखिम र सुरक्षित स्थानहरूको पहिचान गरी नक्साङ्कन गर्न तथा त्यस्ता जोखिम न्युनिकरणका उपाय सुझाउन<br>२४.विद्यालय र खेल मैदानमा सुरक्षित हुने उपायहरू अपनाउन<br>२५.विपत्को अवस्थामा सुरक्षाका तरिकाहरू अपनाउन तथा सुरक्षित रहन<br>२६.हत्या र हिंसाबाट बच्ने उपाया अपनाउन तथा परिवार तथा |

DRAFT

| | | |
|---|---|---|
| सम्भावित ठाउँहरूको पहिचान गर्न<br>२७.विराटनगरमा हुने शितलहर र लु को प्रभाव तथा असरका बारेमा बताइ त्यसबाट बच्ने उपाया बताउन<br>२८. हावाहुरीको प्रभाव र असर बताउन<br>२९. वडा कार्यालयबाट उपलब्ध हुने सेवा तथा सुविधाको सामान्य जानकारी प्राप्त गर्न<br>३०.विराटनगर मामहानगरपालिका लगायत विराटनगरमा रहेका सरकारी तथा गैरसरकारी सेवा प्रदायक संस्थाबाट उपलब्ध हुने सेवा सुविधा लिने प्रक्रियाबारे जानकारी लिन | उपायहरू अपनाउन<br><br>२४. आफू पढ्ने विद्यालय र घरमा भएका सुरक्षा जोखिम न्युनिकरण गर्ने उपाया अवलम्वन गर्न<br>२५. डकैतीबाट बच्ने उपाया अपनाउन तथा परिवार तथा समुदायका सदस्यलाई सुझाउन<br>२६.सडक दुर्घटनाबाट सुरक्षित हुने उपायहरू अपनाउन<br>२७. आगलागी, बाढी तथा डुबान को प्रभाव तथा असरबारे बताइ त्यसबाट बच्ने उपाया बताउन<br>२८. प्राकृतिक तथा गैर प्राकृतिक विपदको परिचय दिन<br>२९. विराटनगर महानगरपालिकाको कार्यापालिकाको संरचना, काम कर्तव्य र अधिकारबारे जानकारी प्राप्त गर्न<br>३०. विराटनगर महानगरपालिकाको न्यायिक समितिको काम कर्तव्य र अधिकारबारे जानकारी प्राप्त गर्न<br>३१. विराटनगरमा महानगरपालिका लगायत विराटनगरमा रहेका सरकारी तथा गैरसरकारी सेवा प्रदायक संस्थाबाट उपलब्ध हुने सेवा सुविधा लिने प्रक्रियाबारे जानकारी लिन | समुदायका सदस्यलाई सुझाउन<br>२७.समाजमा घटेका विभिन्न प्रकारका हिंसा पहिचान गर्न र हिँसाबाट अफू र अरूलाई बचाउन<br>२८.विविध ट्राफिक चिन्ह पहिचान गरी तदनुरूप सुरक्षित व्यवहार अवलम्वन गर्न<br>२९.विराटनगर क्षेत्रमा हुन सक्ने सडक दुर्घटना न्युनिकरण गर्न स्थानीय समुदाय तथा नगरका तर्फबाट गर्न सकिने काम वा उपाय सुझाउन<br>३०.केही जटिल अवस्थामा दिइने प्राथमिक उपचारका विधी बताउन र अवलम्बन गर्न<br>३१.प्राथमिक उपचार बाकसको निर्माण गर्न, त्यसमा प्रयोग गरिने सामाग्री जुटाउन र प्रयोग गर्न,<br>३२. भुकम्प, चट्याङ, सर्पदंश को प्रभाव तथा असरका बारेमा बताइ त्यसबाट बच्ने उपाया बताउन<br>३३. ग्याँस बिस्फोटन, विशाक्त खाद्य सेवन, पशु तथा चराचुरङ्गीमा हुने फ्लुबाट बच्ने उपाया बताउन<br>३४. विराटनगर महानगरपालिकाको नगर सभाको काम कर्तव्य र अधिकारबारे जानकारी लिन<br>३५. विराटनगर महानगरपालिका कार्यापालिकाको कार्यालयबाट उपलब्ध हुने सामान्य सेवा सुविधाबारे जानकारी प्राप्त गर्न<br>३६. विराटनगरमा महानगरपालिका लगायत यस क्षेत्रमा रहेका सरकारी तथा गैरसरकारी सेवा प्रदायक संस्थाबाट उपलब्ध हुने सेवा सुविधा लिने प्रक्रियाबारे जानकारी लिन |

DRAFT

## ८. हाम्रो विराटनगर कक्षा६-८ विषयको क्षेत्र र क्रम

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| **१. हामी र हाम्रो विराटनगर** | | -विराटनगरको सामाजिक, धार्मिक, आर्थिक, साहित्यिक तथा राजनैतिक इतिहासको सामान्य परिचय<br>-राष्ट्रिय राजनीतिमा विराटनगरको योगदान<br>-विराटनगरको मजदुर आन्दोलन र जुटमिल स्थापना<br><br>-विराट राजाको दरबारसँग जोडिएको महाभारत कथाको सामान्य कथासार<br>- विराटनगरमा रहेका प्रमुख मठ मन्दिर, मस्जिद, गुम्बाहरू | -विराटनगरको विकासक्रम, रङ्गेलीबाट मोरङको सदरमुकाम विराटनगर सरेको घटना, गोग्राहाबाट विराटनगरमा रूपान्तरण<br>-विराटनगरको औद्योगिक क्रान्ति र देशमा त्यसको प्रभाव<br>-विराटनगरको खटयात्रा र वर्तमान रथयात्रा ।<br>-विराटनगर म.न.पा.का विभिन्न कलाकारहरूको परिचय तथा योगदान<br>-विराटनगरका साहित्यिक आर्थिक र सामाजिक सङ्घ संस्थाको परिचय र योगदान<br>-विराटनगरको धार्मिक सहिष्णुता | -विराटनगरमा चलेको संयुक्त मजदुर आन्दोलनको प्रभाव तथा यस आन्दोलनको ऐतिहासिक महत्व<br><br>- विराट राजाको दरबार रहेको भेडियारी क्षेत्रको परिचय, यस क्षेत्रको ऐतिहासिक तथा पर्यटकीय महत्व<br><br>-विराटनगरको शैक्षिक इतिहासबारे जानकारी<br><br>-ऐतिहासिक जनआन्दोलन र त्यसपछिको विराटनगर<br>-रेडियोको स्थापना र सञ्चारको वर्तमान अवस्था<br>-विराटनगरका विभिन्न भाषाका साहित्यकारहरूको परिचय तथा योगदान<br><br>- थारु , मुस्लिम , चौधरी , राजवंशी आदि जातजातीका विभिन्न संस्कृतिको परिचय<br><br>-विराटनगरमा बोलिने विभिन्न भाषा, तथा मातृभाषाहरू |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| **२.फोहोरमैला व्यवस्थापन तथा वातावरण प्रदुषण** | | -घरभित्रबाट निस्किने फोहोरमैलाका स्रोतहरू<br><br>- घरायसी फोहोरमैलाबाट सिर्जना हुनसक्ने समस्याहरू<br><br>-उद्योग, कलकारखानाबाट निस्किने फोहोरमैलाको परिचय र वर्गीकरण<br><br>- सार्वजनिक स्थलको सरसफाईको आवश्यकता<br><br>-बाटोघाटो, सडक, नाला सरसफाइका स्थानीय विधिहरू | -घरभित्रबाट निस्किने फोहोरमैलाको वर्गीकरण,<br><br>-फोहोरमैला व्यवस्थापनका घरेलु उपायहरू<br><br>-उद्योगजन्य फोहोरमैलाको कारणले जनजीवनमा पर्नसक्ने असरहरू,<br><br>-बाटो, सडक र सार्वजनिक स्थलको सरसफाइमा विद्यार्थीको भूमिका, | -घरायसी फोहोरमैलाको व्यवस्थापन गर्ने आधुनिक तरिका र प्रविधि,<br><br>-उद्योगजन्य फोहोरमैलाको व्यवस्थापनमा विराटनगर महानगरपालिकाले गरेका मुख्य कार्यहरू,<br><br>-सडक, नाला तथा सार्वजनिक स्थलको सरसफाइमा स्थानीय र महानगरपालिकाको साझेदारी<br><br>-महानगरपालिकाको फोहोरमैला व्यवस्थापन प्रक्रिया |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| **३.आर्थिक कृयाकलाप तथा स्थानीय प्रविधि** | | -विराटनगर महानगरपालिका भित्रका पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापहरूको परिचय<br><br>-हाम्रा आर्थिक क्रियाकलापले दैनिक जीवनमा पुर्याउने फाइदाहरू<br><br>-स्थानीय प्रविधिको परिचय र आयआर्जनमा महत्व | -विराटनगर महानगरपालिका भित्रका पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापहरूको अवस्था<br><br>-हाम्रा आर्थिक क्रियाकलापले दैनिक जीवनमा पार्ने प्रभावहरू<br><br>-स्थानीय प्रविधि र आर्थिक क्रियाकलापको अन्तर सम्बन्ध | -विराटनगर महानगरपालिकाभित्रका पेसा, व्यवसाय र अन्य आर्थिक क्रियाकलापहरूको समस्या पहिचान तथा समाधान<br><br>-हाम्रा स्थानीय पेसा, व्यवसाय र प्रविधिलाई स्थानीय क्षेत्रको आर्थिक सम्वृधिका लागि प्रयोग<br><br>-विराटनगरका स्थानीय प्रविधिको संरक्षण र सुधार |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| **४. हाम्रो आचरण दायित्व र अनुशासन** | | -घर, बाटो र विद्यालयको सुरक्षा<br>-व्यक्तिगत सुरक्षा,<br>व्यक्तिगत सरसफाइ<br>मौसमी कपडाहरू<br>-स्वस्थजीवन शैली र आहार<br>स्वस्थ जीवनशैलीको अर्थ<br>स्वस्थ जीवन शैलीको महत्व<br>खाना खाने असल बानीहरू<br>-योग, ध्यान र प्राणयामको परिचय, अर्थ र अभ्यास<br>कपालभाती प्रणायाम<br>योग आसनको अभ्यास<br>मकरासनको अभ्यास<br>बज्रासनको अभ्यास | -घर, बाटो र विद्यालयको सुरक्षा<br>-व्यक्तिगत सुरक्षा<br>दुर्घटनाबाट जोगिनु<br>झैझगडा नगर्नु<br>रोगव्याधको घरेलु उपचार<br>-स्वस्थजीवन शैली र आहार<br>स्वस्थ जीवन शैलीका उपायहरू<br>खाना खाने असल बानीहरूको परिचय<br>खाना खाने असल बानीहरूको महत्व<br>-योग, ध्यान र प्राणयाम<br>प्रणायामको परिचय<br>भ्रामरी प्रणायामको विधि र अभ्यास<br>भास्तिका प्रणायामको विधि र अभ्यास<br>सलभासनको विधि र अभ्यास<br>वक्रासनको विधि र अभ्यास | -घर, बाटो र विद्यालयको सुरक्षा<br>- व्यक्तिगत सुरक्षा<br>ट्राफिक नियमको पालना<br>सहने क्षमता<br>-व्यवस्थित सवारी साधन पार्किङ<br>-स्वस्थ जीवन शैली र आहार<br>स्वस्थ जीवन शैली अपनाउने अभ्यास<br>खाना खाने असल बानीको निर्माण<br>जडिबुटीको प्रयोग<br>-योग, ध्यान र प्राणयाम<br>सूर्य नमस्कार विधि र अभ्यास<br>ध्यान विधि र अभ्यास<br>उज्जयी प्रणायामको विधि र अभ्यास |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| **५. वृत्ति मार्ग निर्देशन** | | -आफ्नो र अरुको पेसा प्रतिको सम्मान<br>-जागिर र वृत्ति<br>● जागिर र वृत्तिको परिचय<br>● वृत्तिका विशेषताहरू<br>● वृत्ति विकासका सिद्धान्तहरू<br>● चक्रीय शैलीको घुमाउरो वृत्ति<br>● परिवर्तनशील र अपरिवर्तित<br>● आफू सुहाउँदो वृत्ति<br>● मानवता र वातावरणप्रति संवेदनशीलता<br>-वृत्तिमा प्रभाव पार्ने तत्वहरू<br>● वंशानुगत,जैविक तथा रासयनिक<br>● वातावरणीय<br>● वृत्ति खोजीपथ<br>● आफूलाई बुझ्नु<br>● कामको संसारबारे बुझ्नु<br>● वृत्ति विकल्पको विकास<br>● वृत्तिको तयारी<br>-रुचि र खुबी | -पेसा प्रतिको महत्व र सम्मान<br>-व्यक्तिमा हुने पाँच क्षमता<br>● भाषिक क्षमता<br>● विश्लेषणात्मक तार्किक क्षमता<br>● स्थलगत क्षमता<br>● व्यक्तिगत क्षमता<br>● शारीरिक यान्त्रिक क्षमता<br>● क्षमताका विशेषताहरू<br>-वृत्ति र विश्वास<br>● परिचय<br>● महत्व<br>● विशेषताहरू<br>-दुई प्रकारका जानकारी<br>● वृत्ति जानकारी<br>● शैक्षिक जानकारी<br>-पेसाको वर्गीकरण<br>● आधारभूत र विशिष्ट<br>● उत्पादन र सेवामूलक<br>-रोजगारी र तालिम<br>● परिचय र महत्व<br>● स्वरोजगार<br>● मौसमी तथा नियमित | -पेसाप्रतिको सम्मान<br>● कृषि पेसा<br>● शिक्षण पेसा<br>● व्यापार पेसा<br>-वृत्ति क्षेत्र<br>● वृत्ति क्षेत्रको सामान्यवर्गीकरण<br>● वृत्ति र वृत्तिक्षेत्रको सम्बन्ध<br>● विषय र वृत्ति<br>● प्राकृतिकप्रकोप<br>● वातावरण प्रदुषण<br>● गरिबी<br>● महिलातथाबालबालिकामाथिहुने शोषण<br>-वृत्तिकालागिजीवन रेखा<br>● तालिम र अनुभवको महत्व<br>● जीवन रेखा<br>● मेरो क्षमता मेरो वृत्ति<br>● वृत्तिपथ<br>● मेरो वृत्तिमार्ग<br>● मेरो वृत्तिकालागि शैक्षिक जानकारी<br>-मध्यम र उच्चस्तरीय पेसा<br>● परिचय, महत्व र प्रवेश योग्यता<br>-पेसाको शिक्षासँगको सम्बन्धको जानकारी |

DRAFT

| | | | | |
|---|---|---|---|---|
| | | ● परिचय<br>● वृत्तिसँगको सम्बन्ध<br>-विराटनगरका परम्परागत पेसाहरू<br>● शिक्षण<br>● कृषि<br>● व्यापार<br>● सार्वजनिक सेवा<br>● निर्माण<br>● होजियारी<br>-पेसाको परिचय र महत्त्व | रोजगारी<br>● रोजगारी र शिक्षासँगको सम्बन्ध<br>● रोजगारी र तालिमसँगको सम्बन्ध<br>-व्यवसायिक सिप<br>● व्यवसायिक सिपको परिचय<br>● सञ्चार सिप, समूहकार्य सिप, अन्तरवैयक्तिक सिप, निर्णय सिप र समस्या समाधान सिप<br>-व्यवसाय, व्यापार र बजार<br>● व्यवसायको परिचय र महत्व<br>● विराटनगरमा सञ्चालित साना व्यवसायको खोजी<br>-साना व्यवसाय सञ्चालनको योजना<br>● व्यापारको परिचय<br>● व्यापारिक सिपमा आधुनिकीकरण<br>● वस्तु तथा सेवाको मूल्य निर्धारण | -पेसाको छनौट तथा योजना निर्माण<br>-विराटनगरमा व्यवसाय सञ्चालन<br>● उद्यमशीलताको परिचय र महत्व विराटनगरमा व्यवसाय सञ्चालनको सम्भाब्यता<br>● व्यवसाय सञ्चालनको योजना र ढाँचा<br>● स्थानीय स्तरमा सञ्चालित व्यापार व्यवसायको प्रत्यक्ष अनुभव र सिपको जानकारी |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| **६.व्यक्तिगत सुरक्षा र स्थानीय जोखिम** | | -व्यक्तिगत सुरक्षाको अर्थ<br>-सुरक्षा शिक्षाको महत्व<br>-हाम्रो विद्यालयमा भएका सुरक्षा जोखिम<br>-हाम्रो घरमा भएका सुरक्षा जोखिम<br>-चोरीबाट बच्ने उपायहरू<br>-विराटनगरका सडकको बनावट, सम्भावित दुर्घटनास्थलहरू,<br>-सामान्य ट्राफिक चिन्हहरू र तीनका संकेत | -हाम्रो घरमा हुन सक्ने दुर्घटनाका कारणहरू<br>-हाम्रो विद्यालयमा हुन सक्ने दुर्घटनाका कारणहरू<br>-दुर्घटनाबाट सुरक्षित हुने उपायहरू<br>-सुरक्षा जोखिम न्युनिकरण गर्ने उपायहरू<br>-डकैतीबाट बच्ने उपायहरू<br>-सडक दुर्घटनाबाट सुरक्षित हुने उपायहरू | -हाम्रो विद्यालयका जोखिमयुक्त स्थानहरू<br>-हाम्रो घरका जोखिमयुक्त स्थानहरू<br>-हाम्रो घर तथा विद्यालयका सम्भावित जोखिम न्युनिकरणका उपायहरू<br>-विपद अर्थ र प्रकार<br>-विपदको बेला अपनाइने सुरक्षाका उपायहरू<br>-हत्या र हिंसाबाट बच्ने उपायहरू<br>-हिंसाको परिचय<br>शारीरिक, मानसिक र यौनजन्य हिंसा<br>-विविध ट्राफिक चिन्हहरू र तीनका संकेत<br>-विराटनगर क्षेत्रमा हुन सक्ने सडक दुर्घटना न्युनिकरण गर्न चालिएका कदमहरू<br>-सडक दुर्घटना न्युनिकरणका लागि समुदाय तथा नगरका तर्फबाट गर्न सकिने कामहरू |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| **७. विपत जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन** | | -विद्यालय जाँदा र फर्कदा विपत हुन सक्ने सम्भावित ठाउँहरू<br><br>-शित लहरको परिचय, विराटनगरमा यसको प्रभाव तथा असर र यसबाट बच्ने उपायाहरू<br><br>- लु को परिचय, विराटनगरमा यसको प्रभाव तथा असर र यसबाट बच्ने उपायाहरू<br><br>-हावाहुरीको परिचय, विराटनगरमा यसको प्रभाव र यसबाट बच्ने उपायाहरू | -प्राकृतिक तथा गैर प्राकृतिक विपतको परिचय<br><br>-विपतबाट जोगिन समुदायले खेल्नुपर्ने भूमिका<br><br>- आगलागीको परिचय, कारण र यसबाट बच्ने उपायाहरू<br><br>-बाढी तथा डुबानको परिचय, यसबाट बच्ने उपायाहरू<br><br>- विराटनगर क्षेत्रमा हुने बाढी तथा डुबानबाट जोगिन गरिने कृत्रिम अभ्यास | - भुकम्पको परिचय, प्रभाव तथा असर र यसबाट बच्ने उपायाहरू<br><br>-चट्याङको परिचय, विराटनगरमा यसको प्रभाव तथा असर र यसबाट बच्ने उपायाहरू<br><br>- विराटनगरमा सर्पदंशको प्रभाव तथा असर र त्यसबाट बच्ने उपाया<br><br>-ग्याँस बिस्फोटन,<br>-विशाक्त खाद्य सेवन,<br>-पशु तथा चराचुरङ्गीमा हुने फ्लु |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| **८. हाम्रो स्थानीय सरकार** | | -महानगरपालिकाका वडा कार्यालयको संरचना<br><br>-महानगरपालिकाका वडा कार्यालयबाट उपलब्ध हुने सेवा तथा सुविधाको सामान्य जानकारी<br><br>-वडामा रहेका स्वास्थ्य चौकी/स्थास्थ्य केन्द्रबाट उपलब्ध हुने सेवा सुविधाहरू | -विराटनगर महानगरपालिकाको कार्य पालिकाको संरचना, काम कर्तव्य र अधिकार<br><br>-विराटनगर महानगरपालिकाको न्यायिक समितिको काम कर्तव्य र अधिकार | -विराटनगर महानगरपालिकाको नगर सभाको काम कर्तव्य र अधिकार<br>-विराटनगर महानगरपालिका कार्यपालिकाको कार्यालयबाट उपलब्ध हुने सेवा तथा सुविधाको सामान्य जानकारी<br>● शैक्षिक प्रशासन महाशाखा<br>● स्वास्थ्य महाशाखा<br>● योजना महाशाखा<br>● आर्थिक विकास महाशाखा |

DRAFT

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| **९.विराटनगरमा रहेका सरकारी तथा गैरसरकारी निकायबाट उपलब्ध सेवा तथा सुविधा प्राप्त गर्ने प्रक्रिया** | | -खानेपानी धारा जडान प्रक्रिया<br><br>-विद्युत तथा यसको मिटर जडान प्रक्रिया<br><br>-विद्युत महशुल भुक्तानी प्रक्रिया<br><br>-खानेपानी महशुल भुक्तानी प्रक्रिया<br><br>-मोबाइलको सिमकार्ड प्राप्त गर्ने प्रक्रिया | -वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधा प्राप्त गर्ने प्रक्रिया<br><br>• जन्मदर्ता<br>• मृत्युदर्ता<br>• विवाहदर्ता<br>• बसाइसराइदर्ता<br>• नागरिकता लिनकालागि गरिने सिफारिस<br>• घरजग्गा सम्बन्धी गरिने विभिन्न सिफारिसहरू<br>• नाता प्रमाणित<br>• शिक्षा तथा स्वास्थ्य सेवासँग सम्बन्धित सिफारिसहरू<br><br>-बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध सेवा सुविधा लिन आवश्यक प्रक्रियाहरू | -महानगरपालिकालाई बुझाउनु पर्ने करका क्षेत्रहरू<br><br>-महानगरपालिकालाई बुझाउनु पर्ने राजश्व भुक्तानी प्रक्रिया<br><br>-महानगरपालिकाबाट हुने घर नक्सा स्वीकृति<br><br>-अपांगता भएका व्यक्तिका लागि बनाइने परिचयपत्र<br><br>-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रक्रिया<br><br>-राष्ट्रिय परिचयपत्र |

DRAFT

DRAFT

# विशिष्टीकरण तालिका

कक्षा 6-8 पूर्णाङ्कः 50

विषयः हाम्रो विराटनगर समयः घण्टा 2

| एकाइ | कार्यघण्टा | अति छोटो प्रश्न | | | छोटो प्रश्न | | | लामो प्रश्न | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | प्रयोग र सृजनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सृजनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सृजनात्मक सिप | उच्च दक्षता |
| हामी र हाम्रो विराटनगर | 12 | 1 | | | 1 | | | | | |
| फोहोरमैला व्यवस्थापन तथा वातावरण प्रदुषण | 10 | | 1 | | | | 1 | | | |
| आर्थिक क्रियाकलाप तथा स्थानीय प्रविधि | 10 | 1 | | | | 1 | | | | |
| हाम्रो आचरण दायित्व र अनुशासन | 15 | | 1 | | | | 1 | | | |
| वृत्तिमार्ग निर्देशन | 17 | 1 | | | 1 | | | 1 | | |
| व्यक्तिगत सुरक्षा र प्राथमिक उपचार | 16 | | | 1 | | | | | | 1 |
| बिपद् जोखिम न्यूनीकरण र व्यवस्थापन | 15 | | 1 | | | 1 | | | | |
| हाम्रो स्थानीय सरकार | 17 | 1 | | | | | | 1 | | |
| विराटनगरमा उपलब्ध सेवा सुविधा | 15 | | | 1 | 1 | | | | 1 | |
| | 128 | 4 | 3 | 2 | 3 | 2 | 2 | 2 | 1 | 1 |
| जम्मा | जम्मा 9X1=9 | | | | 7x3=21 | | | 4x5=20 | | |

| प्रश्नका किसिम | प्रश्नपत्र सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | 4 | 4x5=20 |
| छोटो उत्तर आउने प्रश्न | 7 | 7X3=21 |
| अति छोटो उत्तर आउने प्रश्न | 9 | 9X1=9 |

९.हाम्रो विराटनगर विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ सक्षमताहरू पूरा गर्न गराउनका लागि विद्यार्थीहरूमा विभिन्न विधिहरूको माध्यमद्वारा गरिने क्रियाकलापलाई नै सिकाइ सहजीकरण भनिन्छ । जसको माध्यमबाट सिकाइलाई सहज बनाउन मद्धत पुग्दछ सिकाइ सहजीकरणलाई शिक्षण विधि पनि भन्ने गरिन्छ जसमा शिक्षणका तौर तरिकाहरू प्रयोग हुन्छन् । यो क्रियाकलाप कक्षाकोठा भित्र वा बाहिर जहाँ पनि गर्न सकिन्छ । यसलाई अझ सरल ढङ्गमा भन्नुपर्दा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ सक्षमता, सिकाइ उपलब्धी र यिनीहरू अनुरूपका विषयवस्तुको बारेमा शिक्षक र विद्यार्थीहरूबीच गरिने व्यवस्थित अन्तर क्रिया नै सिकाइ सहजीकरण प्रक्रिया हो ।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी प्राप्त गर्न कक्षा कोठामा वा कक्षा कोठा बाहिर गरिने अन्तरक्रियात्मक कार्यलाई शिक्षण सिकाइ सहजिकरण भनिन्छ । यसमा विद्यार्थीले गरेको सिकाइ क्रियाकलापमा शिक्षकले सहजिकरण गर्ने कार्य गर्दछ । सिकाइ सहजिकरण प्रक्रियामा विषयवस्तुको प्रकृति अनुसार शिक्षण विधिहरूको छनौट गरि शिक्षण सिकाइ सहजिकरण प्रकृया अगाडी वढाउनु पर्दछ ।

शिक्षण सिकाइ सहजिकरण प्रकृयालाई प्रभावकारी वनाउन निम्न लिखित कुराहरूमा ध्यान दिनु पर्दछ ।

- शिक्षण सिकाइ सहजिकरण गर्दा ब्यवहारिक उद्देश्य सँग मेल खाने गरी गर्नु पर्दछ ।
- कक्षाकोठा व्यवस्थापन,समयको उपलब्धता,विद्यार्थीहरूको सिकाइको स्तर,सिकारुको रुची,इच्छा तथा परिपक्वता मा ध्यान दिनु पर्दछ ।
- कुन शिक्षण विधिवाट शिक्षण सिकाइ सहजिकरण गर्ने र कुन कुन सामाग्री कसरी प्रयोग गर्ने भन्ने विषयमा प्रष्ट हुनु पर्दछ ।
- शिक्षकले के गर्ने र विद्यार्थीले के गर्ने भन्ने विषयमा स्पष्ट हुनुपर्दछ
- प्रस्तुती र भाषाशैलीमा ध्यान पु-याउनु पर्दछ ।

स्थानीय विषय शिक्षण गर्दा एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइसहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान,रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण तरिकाले अन्तरसम्बन्धित गरी पाठ्यक्रम निर्माण गर्ने प्रयास भएकाले विभिन्न विषयक्षेत्रका सिकाइ सक्षमतालाईसरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषयक्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ । प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने,बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी

DRAFT

सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

सिकाइ सहजीकरण प्रक्रियामा अवलम्बन गरिने आधारहरू

कक्षा ६-८ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्दछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य,
- क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइसहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइक्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्छ ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारुबिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइ मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्तासहकार्यलाई बढावा दिनुपर्छ ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइबिचको सहसम्बन्ध हुने गरीजीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग ( परियोजना कार्य, घटना अध्ययन, खोजअनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुकोछनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

DRAFT

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोटगर्नुपर्छ ।

२. विषयवस्तुको स्वरूप : विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. बालमनोविज्ञान : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिलेविद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

४. स्रोत साधनहरूको उपलब्धता : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. समय र विद्यार्थी सङ्ख्या : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

७. शिक्षकको योग्यता, क्षमता र रुचि : शिक्षकको आृनो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षणविधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम्उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

७. हाम्रो विराटनगर विषयको विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा ६–८ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनकोपरम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाईआत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्तगर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । स्थानीय पाठ्यक्रमको अपेक्षित उद्देश्य हासिल गर्न कक्षा ६ देखि कक्षा ८ को आन्तरिक मूल्याङ्कन ५० प्रतिशत र अन्तिम परीक्षाबाट मूल्याङ्कन ५० प्रतिशत गर्नुपर्ने व्यवस्था गरिएको छ । कक्षाकोठा भित्र र बाहिर मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तरपहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मकप्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १–८ मागरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तरनिर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

सिकाइका लागि मूल्याङ्कन

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरीविद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथैउनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमानअवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनिगर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने

DRAFT

सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधारगर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलत: सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममाकक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ ।निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइउपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्थापहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइकोवर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ । हाम्रो विराटनगर विषयमा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीकोसिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो ।

मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा ६-८ को हाम्रो विराटनगर विषयमा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्नसकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या,शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइउपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुणभनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूकाअर्को महत्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलत: दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमतामापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधना विकास गरी विद्यार्थीको रुचितथा प्राथमिकताअनुरूपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

१. कक्षा सहभागिता : नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनिध्यान दिनुपर्छ । विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कनगर्न सकिन्छ ।

२. लिखित तथा मौखिक परीक्षा : अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफललगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाकाबारेमा जानकारी लिन सकिन्छ । कक्षा ६–८ मा छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरूऔपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइउपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमितरूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षाकार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्यगराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ ।

DRAFT

३. परियोजना तथा प्रयोगात्मक कार्य : विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ । जस्तै : आफ्नो समुदायमाबोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वानगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

४. अवलोकन : सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।
५. विद्यार्थीका कार्यको प्रदर्शन : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्यकविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदिको प्रदर्शन पनि गराउन सकिन्छ ।

६. घटनावृत्त अभिलेख : विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

७. छोटा परीक्षा : कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तरको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्तापरीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्तगर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।
८. स्व र सहपाठी मूल्याङ्कन : विद्यार्थीले आफूले केकति सिक्न सकेँ भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादनलगायत अन्य माध्यमबाट सिकाइअवस्थाको मूल्याङ्कन गरी स्वपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभवतथा सिकाइको प्रत्यावर्तन (reflection) गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसै गरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्तगर्ने अवसर प्रदान गर्न सकिन्छ ।
९. अभिभावकको प्रतिक्रिया : विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथाप्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफलगरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्तहुन सक्छ ।विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ ।कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनकोमाध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थीपरीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिकाएयचतायष्यि) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरूहटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ । पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमाकुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनीउपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउनेप्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मकसिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुन: विद्यार्थीको मूल्याङ्कन गरीउपलब्धिस्तर निर्धारण गरेर पुन:अभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसतसिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

DRAFT